मिति: ९ जुन २०२१

**श्री कुमार पन्तज्यू**
**अध्यक्ष**
**गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परीषद।**

**बिषय: निष्पक्ष छानबिन गरि पाऊ |**

**महोदय,**

**उक्त सम्बन्धमा केहि समय यता** NRNA **जापानका अध्यक्ष देबीलाल भण्डारीज्यु माथि सामाजिक संजाल लगायत बिभिन्न मिडियाहरुमा देखिएका आरोपहरु प्रति हामी सिंगो कार्यसमिति दु:खित छौ | यस बिषयमा कार्यसमितिका अधिकांश पदाधिकारी तथा सदस्यज्युहरुले स्पष्ट परिदिन पटक-पटक आग्रह गर्दा उहाँले सबै प्रमाणहरु जुटाएर पत्रकार सम्मेलन मार्फत सार्बजनिक गर्ने वाचा गर्नु भयो। तद्अनुसार** May **३०,२०२१ मा पत्रकार सम्मेलन पनि गर्नु भयो।उक्तदिन गरिएको पत्रकार सम्मेलनमा कुनै ठोस प्रमाण दिन नसकेको देखिए पछि ऊहाँको कारण** NRNA **जापान प्रति भएका नकारात्मक टिका-टिप्पणीहरु प्रति हामी सम्पुर्ण कार्यसमिति अछुतो रहन सकेनौ । यस कार्यसमितिमा रहेर आफु सँग बचेको समय नेपाल र नेपालीको** सेवामा समर्पित हुनु नै **हाम्रो मुल उदेश्य हो।समाज सेवा जस्तो गरिमामय कामको लागि अहोरात खटिरहदा पनि यस्ता टिका टिप्पणीहरुले तपाई हामी सबैलाई असहज परिस्थितीमा पुर्याएको छ।के समाज सेवाको नाममा भएका सम्पूर्ण कार्यहरु नितान्त समाजसेवामा समर्पित छन् त** ?**भन्ने प्रश्नले हामीलाई निरन्तर घोची रहेको छ ।पछिल्लो समय समाज सेवाको नाममा भएका र उठेका प्रश्नले तपाई हामी लाई एक पटक सोच्न बाध्य पनि बनाएको छ | समाज सेवाको नाममा कमाउ धन्दा भैरहेको त छैन**?आदी। **यस्तै मृतक र उसका परिवार माथि भएका आर्थिक घोटलाको समचारले हामीलाई अत्यन्तै दु:खी बनाएको छ।यदि अध्यक्षज्युको यसमा कुनै संलग्नता छैन भने किन आरोप आयो** ?**आफु मुछिएको आरोप आइरहदा किन एउटा जिम्मेवार ब्यक्तिले पडीतपक्षलाई २-३ बर्ष सम्म हिसाब दिन सक्नु भएन**?**अर्को तर्फ नेपाली दुताबास जापान,**NRNA **जापान जस्तै बिभिन्न निकायमा निबेदन दिदा पनि किन यसको सुनुवाई हुन सकेन**? **एउटा बहालवाला जिम्मेवार पदमा बसेको**

व्यक्तिलाई NRNA पदको दुरुपयोगको आरोप लगाईरहेको कुरा कसरी नितान्त व्यक्तिगत हुन् सक्छ ? त्यसतै NRNA ICC द्रारा गठित उच्चस्तरिय छानबिन समितीले यहि जुन ६ मा आफ्नो प्रतिबेदन सार्बजनिक गर्न गरिएको पत्रकार सम्मेलनमा २०१९-२०२१ को बर्तमान कार्यसमिती समेत आर्थिक हिनाबिनामा दोषि ठहर गरिएको छ तर कहाँ, कसले र कुन शिर्षकमा भनेर स्पष्ट नखुलाईएका कारण हामी NRNA जापानको कार्यसमिति भित्र रहेका पदाधिकारी तथा सदस्यहरु पनि जापानबासी नेपाली समुदायमा संकाको घेरामा तानिएका छौ तसर्थ यस्ता बिषयहरुमा तुरुन्त एउटा उच्च स्तरीय छानबिन समिती गठन गरि स्पष्ट पारिदिनुहुनका लागि नेपाली दुताबास, NRNA ICC लगायत NRNA जापानका सम्पूर्ण अभियान्ताहरुमा जोडदार माग गर्दछौ | साथै नैतिकताको आधारमा यस कार्यमा सम्लग्न भै यस्तो गैर जिम्मेवारी कार्य गरेकोले अध्यक्ष देविलाल भण्डारीज्युले आफ्नो पद बाट राजिनामा दिएर निष्पक्ष छानबीनका लागि मार्ग प्रस्तत गर्नुहुन पनि अनुरोध गर्दछौ |

अन्त्यमा,कोबिड-१९ का कारण संसारनै दु:खमा रहेको यस घडीमा तपाईहरु पनि सुरक्षित रही आ:आफ्नो काम र कर्तब्य गरिरहनु भएको छ होला भन्ने आशा गर्दै यस विषम परस्थिति लाइ सामना गर्ने शक्ति तपाई हामीमा रहने छ भन्ने विश्वासका साथ दोषि माथि कडा भन्दा कडा सजायको माग गर्दछौ|

धन्यवाद ।

जय NRNA

बोधार्थ:

महामहिम प्रतिभा राणाज्यू

नेपाली दुताबास, टोक्यो, जापान

श्री गोबिन्द श्रेष्ठ

DRC एसिया क्षेत्र

श्री पारशमणि पोखरेल

RC एसिया क्षेत्र

श्री देबीलाल भण्डारी

NRNA जापान

**थप जानकारीको लागि केहि लिंकहरु तल सम्लग्न गरेका छौ |**

1) https://www.facebook.com/watch/live/?v=1744229172415199&ref=watch_permalink

2)
https://japansamachar.com/Association-news/6977?fbclid=IwAR1XYqd7hrOaDzFh-2b1TvFyIUpfsekiOVEYqtjwQH6ni1_uDsrUgNac-ms

3)
https://www.sanghunews.com/content/32131?fbclid=IwAR3k76YDWFMJGBjZ5xuU-JpupDVAVnSYSxyPPPAL5VULXNYDXd6T1y0dPlc

4)
https://matrisandesh.com/archives/63148.html?fbclid=IwAR1hCwnfD2xoUrPoBRZZUteSBO3RDD1RaGlai6hRh6mwLaDEGm9m4KvUShc

https://www.nepalnewspost.com/japan/44370/?fbclid=IwAR0KKWsDFL_4O1JMxNvmYMnmRQVsE2a-uoEFvOjZlg-f9lFnBmQzLxDY_xs

**धन्यवाद ।**

**नामवली**:

**अनिता गुरुङ बरिष्ठ उपाध्यक्ष**

**लक्ष्मण बानिया उपाध्यक्ष**

**सबिता श्रेष्ठ उपाध्यक्ष**

**नबिन निउरे उपाध्यक्ष**

**दिपक कार्की उपाध्यक्ष**

**बिष्णु प्रसाद घिमीरे सचिब**

**टिकाराम खरेल सचिब**

**बिकाश बस्नेत सचिब**

**कालिका थापा कोषाध्यक्ष**

| | |
|---|---|
| सचिन श्रेष्ठ | सह-कोषाध्यक्ष |
| राम थापा अनिल | युवा संयोजक |
| सुपेन्द्र घिसिङ् | सदस्य |
| राजेश खनाल | सदस्य |
| जिबन गुरुङ् | सदस्य |
| बाबुराम खरेल | सदस्य |
| डिलाराम गैरे | सदस्य |
| सिबु थापा | सदस्य |
| महेश कुमार कट्वाल | सदस्य |
| अन्जु भण्डारी | सदस्य |
| शुरेस गिरी | सदस्य |
| राम खड्का | सदस्य |
| नृप बहादुर बुढा | सदस्य |